# भजनसंग्रहको पुस्तकमा: भाग १



**शबाथ दिउँसो**

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *हिब्रू ९:११-१५; भजनसंग्रह १२२; भजनसंग्रह १५; भजनसंग्रह २४; प्रस्थान ३३:१८-२३; भजनसंग्रह ५; भजनसंग्रह ५१:७-१५।*

**याद गर्नुपर्ने पद: "अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए"** *(प्रकाश १४:१)*।

**प्रकाशको** पुस्तकमा भएका विभिन्न चिन्ह वा प्रतिकहरू बुझ्न पुरानो करारका कथाहरूमा खोज्ने हामी सेभेन्थ-डे एड्भेन्टिस्टहरूका चलन छन्। ती वर्णनहरू पुरानो करारभरि छरिएका पाइन्छन्। तर कथाहरू मात्र परमेश्वरले हामीलाई सिकाउन चाहनुभएका सत्यताको सम्पूर्ण स्रोत नभए तापनि प्रतीकद्वारा उहाँले सिकाउनुभएका शिक्षा पुरानो करारमा जताततै छरिएका छन्।

भजनसंग्रहको पुस्तकमा ती चिन्ह वा प्रतिकहरू प्रशस्त मात्रामा पाइन्छ। यो पवित्र कविताहरू सङ्कलन गरिएको पुस्तक हो। यसमा मानिसले अनुभव गरेका धेरै अनुभवहरू काव्यमार्फत वर्णन गरिएको छ। परमेश्वरसँग गरिएका अन्तर्क्रियाहरू समावेश गरिएका छन्। पाप र अधर्मले गर्दा नैराश्य र कष्टका बादलहरूमा झुमिन बाध्य भएकाहरूले व्यक्त गरेका भावना वा मनोवेगहरू मात्र नभएर परमेश्वरका

उपस्थितिमा अत्यन्तै भाव विभोर भएर आनन्दित भएर व्यक्त गरेका हार्दिक भावनाहरू र क्षमा र मुक्तिका निम्ति परमेश्वरले दोहोऱ्याउनुभएका प्रतिज्ञाहरूले पनि यस पुस्तक भरिएको छ।

यदि भजनसंग्रहको पुस्तकलाई विस्तृत रूपमा केलाएर पढ्न सकियो भने प्रकाशको पुस्तक सजीव र सक्रिय हुन्छ। विशेष गरेर प्रकाश १४मा उल्लेख गरेका यस संसारको अन्तिम युगमा रहेका सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चका प्रमुख काम यस अध्यायमा कोरिएको छ। पौराणिक इस्राएललाई परमेश्वरले दिनुभएका काम युगको अन्तमा रहेका परमेश्वरका जनहरूलाई पनि दिएको छ: हामीहरू सारा राष्ट्रहरूका निम्ति ज्योति हुने र मानिसहरूका सृष्टिकर्ताका आज्ञाहरू पालन गर्न र उहाँको पूजा गर्न परमेश्वरका अन्तिम दयाका आह्वान हामीले फैलाउने।

यस भजन पुस्तकमा केही विस्तृत विवरणहरू छन्। युगको अन्तमा हाम्रा भूमिकालाई बुझ्न र सराहना गर्न यस पुस्तकमा नयाँ गरी प्रस्तुत गरिएको हामी पाउन सक्छौं।

# हाम्रा प्रधान पुजारी

मोशाले मरुभूमि पवित्रस्थान निर्माण गरेको रेखदेख गरेका थिए। उनले त्यस स्थानमा निर्माण गरिने सरसामान र सजावटहरू आफू खुशीले गर्न पाएका थिएनन्। परमेश्वरले उनलाई ब्लुप्रिन्ट वा नक्सा उपलब्ध गराउनुभएको थियो। उहाँले यो स्पष्ट आदेश दिनुभएको थियो, "पर्वतमा तिमीलाई देखाएको नमूनाबमोजिम तिमीले होश गरी ती बनाउनू" *(प्रस्थान २५:४०)*। स्वर्गमा भएको पवित्र मन्दिरको नमुनाको प्रतिलिपि गर्न मोशलाई अह्राउनुभएको हिब्रूको पुस्तकमा हामी पाउँछौं।

पढ्नुहोस्: **स्वर्गको पवित्र मन्दिरका प्रधान पूजारी येशू ख्रीष्ट हुनुहुन्छ भनेर उल्लेख गरिएको हिब्रू ९:११-१५ पढ्नुहोस्। उहाँले अहिले पनि हाम्रो निम्ति के गरिरहनुभएको छ सो यस अंशले हामीलाई के सिकाउँछ?**

पृथ्वीमा भएको पवित्र स्थानले येशूका बारेमा अचम्म तरिकाले विस्तृत रूपमा विवरण प्रस्तुत गरेको थियो। पूजारीहरू, भेटीहरू, त्यहाँ भएका सजावट र ढाँचाका विवरणहरूका अर्थले येशूलाई औंल्याएको थियो। *सबै थोकहरूले* येशूका बारेमा बताएका थिए।

पवित्र स्थानको बारेमा प्रकाशको पुस्तकले पर्याप्त ढङ्गले प्रस्तुत गरेको छ। प्रकाशको पुस्तकको सुरुमै पवित्रस्थानमा राखिएको पानस उल्लेख गरिएको छ। विशेष गरेर अध्याय ४मा करारको सन्दुक उल्लेख गरिएको छ। ती बाहेक प्रकाशका विभिन्न अध्यायहरूमा पवित्र स्थानको बारेमा झलकहरू प्रस्तुत गरिएका छन्। पुरानो करारलाई ठिक रूपमा बुझेन भने यूहन्नाले देखेका दिव्यदर्शन प्रस्तुत गरेर हामीले के सिकेको उनी चाहन्छ सो बुझ्न मुस्किल हुन्छ। इस्राएलीहरूका अनुभवका बारेमा पावलले लेख्दछन्, "यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ" *(१ कोरिन्थी १०:११)*।

मन्दिरका विस्तृत विवरणको अध्ययनले हामी धेरै सिक्न सक्छौं। ती विवरणमा प्रस्तुत गरिएका महत्त्वपूर्ण सामग्री र विधिहरूलाई भजनसंग्रहका पुस्तकले पनि बुझाउन खोजेको छ: मन्दिरसँग परमेश्वरका जनहरूका सम्बन्ध के थियो सो हामी पढ्न सक्छौं। मन्दिर र त्यसमा गरिने सेवाकार्यहरूसँग दाऊदका सम्बन्धका झलकहरू हामी देख्न सक्छौं। परमेश्वरका जनहरूले मसीहले के गर्नुहुनेछ भनेर हृदयदेखि सोचेको पनि यसमा पढ्न सक्छौं। येशूलाई देखाउने नमुना मात्र यसमा छैन। पवित्रस्थानको बारेमा बुझेर र सिकेर व्यक्तिगत अनुभवबाट नै परमेश्वरको बारेमा बुझ्न सक्छौं। यसबाट हामी प्रत्येकले पाठहरू सिक्न सक्छौं र परमेश्वरसँग हाम्रा सम्बन्ध गाढा पार्न पनि यसले सहयोग गर्दछ।

**भजनसंग्रह १२२ पढ्नुहोस्। अहिले नै यस संसारमा परमेश्वरका वास्तविक घरमा हामी रहन सक्दैनौं। कुनै पनि मन्दिर यो नै परमेश्वरको मन्दिर हो भनेर ठोकुवा गर्नु पनि बेकारको त छ नै। तर त्यसमा के तत्त्वहरू छन् जसले हाम्रा लागि ख्रीष्टले के गर्नुभयो सो बुझेर हामी उत्साहित हुन सक्छौं? त्यहाँका विषयवस्तुहरू शान्ति, सुरक्षा, प्रशंसा र न्यायका बारेमा हेर्नुहोस्।**

________________________________________

# सियोन पहाडमा

परमेश्वरका जनहरू सियोन पहाडमा उभिरहेका प्रकाश १४मा हामी पढ्छौं। पौराणिक समयमा सियोन पहाड अहिले भएको पुरानो यरूशलेम सहरको पश्चिम भागमा थियो। यो ठाउँ परमेश्वरका सिंहासन वा उहाँका जनहरूका बीचमा उहाँको उपस्थित हुने स्थान भनेर सोच्दथे। अनि समय बित्दैजाँदा मोरियाहको पहाडमा भएको मन्दिरलाई पनि सियोनको पहाड भनेर नाउँ चल्न थालेको थियो।

अर्को अर्थमा भन्ने हो भने, परमेश्वरका अन्तिम दिनको चर्च वा बाँकी विश्वासीहरू पवित्रस्थानको भाषामा चित्रण गरेको महत्त्व मान्नुपर्छ। प्रायः जसो मुख्य दृश्यहरू प्रकाशको पुस्तकमा पनि चित्रण गरिएका छन्। थुमालाई धन्यवाद छ किनभने परमेश्वरका जनहरू पवित्र पहाडमा छन्।

पढ्नुहोस्: **भजनसंग्रह १५ र २४ पढ्नुहोस्। दाऊदले अत्यन्तै महत्त्वपूर्ण प्रश्न गरेका छन्: पवित्र पर्वतमा को रहन सक्छ? ती भजनहरूसँग प्रकाश १४:१-५ पढ्नुहोस् जहाँ परमेश्वरका जनहरू सियोनको पहाडमा उभिरहेका वर्णन गरिएको छ। ती अध्यायहरूमा के समानान्तर देखिन्छ? त्यस समूहमा कोही मानिस कसरी समावेश हुन सक्छ? पिताको नाउँ तिनीहरूका निधारमा कोरिएको अर्थको महत्त्व के छ?** *(प्रकाश १४:१)*।

दाऊदले भजनसंग्रहको पुस्तकमा लेखिएका परमेश्वसरका सम्मुखमा पापीहरू उभिन सक्ने योग्यता चानचुने छैन। हामीमध्ये कसले इमान्दारपूर्वक यो भन्न सक्छन् कि हामी सधैँ निर्दोष, धर्मी र सत्यवादी भएर हिँडिरहेका छौं? के हाम्रा हृदयले जहिले पनि सत्य कुरा मात्र गरेका छौं भनेर दाबी गर्न सक्छौं र *(भजनसंग्रह १५:२)*? हामी कहिले पनि डग्नेछैनौं भनेर कतिले भन्न सक्छन् र? यदि हामीले कहिले पनि पाप गरेका छैनौं भनेर दाबी गर्छौं भने हामीमा सत्य छैन भनेर बाइबलले सिकाउँदछ *(१ यूहन्ना १:८)*।

जे भए तापनि हामी यो निष्कर्ष निकाल्न सक्छौं कि थुमाले मात्र हामी सियोनको पर्वतमा उभिन सामर्थ्यवान् बनाउन सक्नुहुन्छ। दाऊदको भजनमा थुमा उल्लेख गरिएको छैन तर प्रकाश १४मा त्यो अचानक देखा पर्छ। अहिले परमेश्वरका थुमा सियोन पहाडमा स्थापित हुनुभएको छ जुन पवित्रस्थान हो। हामी पनि उहाँको सम्मुख उभिन सक्ने भएका छौं, किनकि विश्वासद्वारा उहाँका सिद्ध धार्मिकताको वस्त्र हामीलाई ओढाइदिएको छ। हामी सुरो भएर यो दाबी गर्न सक्छौं, "यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं" *(हिब्रू १०:१९-२०)*। उहाँको रगतविना हाम्रो कुनै पनि आशा हुनेथिएन, हुन्छ त?

**पापमाथि विजय पाउने बाइबलका सबै प्रतिज्ञाहरूलाई सोच्नुहोस्। ती प्रतिज्ञाहरूका बाबुजदमा पनि हाम्रा सिद्ध उदाहरण येशूलाई पछ्याउन किन चुकिन्छौं? त्यसले गर्दा हाम्रो बदलीमा हुन उहाँको सिद्ध जीवनको किन आवश्यकता छ?**

# हाम्रा हृदयमा परमेश्वरको व्यवस्था वा दश आज्ञा

सियोनमा जम्मा भएको अवशेष जनहरूका निधारमा नाउँ कोरिएका थिए: परमेश्वर पिता र थुमा। (यहाँ दुई वटा फरक नाउँहरू हुने होइन होला, किनकि येशू आफै परमेश्वरका स्वरूप नै हुनुहुन्छ)। बाइबलमा "नाउँ" भन्दा केवल सम्बोधन गर्ने नाउँ मात्र होइन। नाउँमा चरित्र पनि जोडिएको हुन्थ्यो। आज पनि धैरै संस्कार वा देशहरूमा कसैको चरित्र असल वा उच्च कोटीको छ भने उसको नाउँ "असल" छ भनेर मानिएको हुन्छ।

पढ्नुहोस्: **प्रस्थान ३३:१८-२३; प्रस्थान ३४:१-८ र भजनसंग्रह ११९:५५-५६ पदहरू पढ्नुहोस्। जब मोशाले परमेश्वरको महिमालाई देखाउन अनुरोध गरेका थिए तब परमेश्वरले उनलाई के देखाउने प्रतिज्ञा गर्नुभएको थियो? जब मोशालाई उहाँका नाउँ घोषणा गर्नुभएको थियो** *(प्रस्थान ३४:५)* **तब के भयो?**

________________________________________

________________________________________

परमेश्वरका तेजस्वीमय महिमा धैरै तेजिलो छ। त्यसले गर्दा उहाँका सामु कोही व्यक्ति पनि पुग्न सक्दैन। हो, उहाँ तेजिलो हुनुहुन्छ। तर परमेश्वरको महिमा केवल आँखाको अगाडि तेजस्वीमय मात्र होइन, यो त उहाँको चरित्र वा स्वभाव हो। यही सत्यता उहाँको नाउँमा पनि छ।

जब बाँकी सन्तानका निधारहरूमा परमेश्वरका नाउँ कोरिनेछ भनेर बाइबलले उल्लेख गर्दछ, तब तिनीहरूमा अक्षरस वा भौतिक अक्षरहरू लेखिने भनेको होइन। तर परमेश्वरका चरित्र, स्वभाव र मिजास हाम्रा दिमाग र हृदयमा कोरिराख्नु हो। अब हाम्रा जीवनबाट परमेश्वरका प्रेम र चरित्रलाई प्रतिबिम्बित गरिनु हो।

जब परमेश्वरले आफ्नो बारेमा मोशालाई वर्णन गर्नुहुन्छ तब उहाँले दश आज्ञाको अर्को प्रतिलिपि बनाएर प्रस्तुत गर्नुहुन्छ जुन दश आज्ञा उहाँको चरित्रको प्रतिलिपि हो। प्रकाश १४मा उल्लेख गरिएको अनुसार परमेश्वरका जनहरूमा उहाँको नाउँ भएकाहरूले परमेश्वरका आज्ञाहरू पालन गर्छन् भनेर वर्णन

गरिएको छ। अनि हिब्रूको पुस्तकमा भएका शब्दहरू हेर्नुहोस्, "'ती दिनपछि तिनीहरूसँग बाँध्ने मेरो करार यही हो, परमप्रभु भन्नुहुन्छ, तिनीहरूका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका मनमा पनि म त्यो लेखिदिनेछु।' तब उहाँ भन्नुहुन्छ, 'तिनीहरूका पाप र तिनीहरूका दुष्कर्महरू म फेरि सम्झनेछैनँ'" *(हिब्रू १०:१६-१७)*। सुसमाचारको बारेमा गरिएको व्यक्त कस्तो अचम्मको छः परमेश्वरको व्यवस्था हाम्रा जीवनबाट प्रतिबिम्बित गरे तापनि हाम्रा पापहरू कहिल्यै नसम्झेको अझै आवश्यकता छ।

परमेश्वरका नाउँ नै उहाँको चरित्र, स्वभाव र मिजास हो। उहाँका नैतिक व्यवस्था वा दश आज्ञा उहाँको चरित्रको प्रतिलिपि हो। अन्तिम दिनहरूमा परमेश्वरका पवित्र पर्वतमा जम्मा हुनेहरू परमेश्वरको प्रेमले भरिएको हुन्छ। तिनीहरूमा उहाँको प्रेम छ भनेर देखाउने प्रमाण नै उहाँका आज्ञालाई पालन गरेको कुरा हो।

**यदि हामी आज्ञा पालन गरेर होइन तर विश्वासद्वारा मुक्ति पाउँछौं भने परमेश्वरका दश आज्ञाको अपरिहार्यता किन?** *(१ यूहन्ना ५:१-३)*।

---

# भजन ५

पढ्नुहोस्: **भजनसंग्रह ५ पढ्नुहोस्। यसमा मुक्ति पाएका र मुक्ति गुमाएकाहरूका बिचमा भएको विपरित चरित्र दाऊदले उल्लेख गर्दछन्। यही भजनलाई प्रकाश १४:१-१२सँग तुलना गर्नुहोस्। तिनीहरूमा के समान धारणाहरू छन् र परमेश्वरका अन्तिम युगमा रहेको बाँकी सन्तानको भागिदार हुनु भनेको के रहेछ भनेर यसले तपाईंलाई कसरी बुझाउँछ?**

परमेश्वरमा भएकाहरूमा खराब हुन सक्नेछैन भनेर दाऊदले उल्लेख गरेको शिक्षाप्रद छ *(भजनसंग्रह ५:४)*। पवित्रस्थानको उद्देश्य नै परमेश्वर उहाँका जनहरूका बिचमा रहने हो। ख्रीष्टका राज्यमा पनि ख्रीष्ट उहाँका जनहरूसँग रहनुहुने भनिएको छ *(प्रकाश २१:३)*। जो मानिसहरू परमेश्वरका सिंहासनको नजिक रहन्छन्, तिनीहरू *मुक्ति पाएका* हुनुपर्दछ।

भजनसंग्रह ५:७मा दाऊदले उल्लेख गरेका आराधनाको बारेमा वर्णन गरिएको पनि उल्लेखनीय मान्नुपर्छ। परमेश्वर र शैतानको बीचमा भइरहेको महाद्वन्द्वको मुल विषय पनि आराधना हो। प्रकाश १३मा “आराधना” वा “परमेश्वरलाई दण्डवत् गर” भनेर ५ पटक लेखिएको छ। तीन स्वर्गदूतहरूका सन्देशले पनि सृष्टि गर्नुहुनेलाई दण्डवत् गर भनेर संसारलाई आह्वान गरेको छ। दाऊदले परमेश्वरको भय मान भनेका छन्। यही सन्देश नै बाँकी सन्तानले संसारलाई आह्वान गर्नुपर्ने भनेर मानिएको छ, “परमेश्वरको भय मान र उहाँको महिमा गर, किनभने उहाँको न्यायको घडी आएको छ” *(प्रकाश १४:७)*।

प्रकाश १४मा उल्लेख गरिएको अनुसार मुक्ति पाएकाहरूको मुखमा छल छैन भनेर उल्लेख गरेको पनि याद गर्नुहोस्। तिनीहरू सत्यवादी हुन्छन्। तिनीहरूका वचन र कामले परमेश्वरका धार्मिक चरित्रलाई प्रतिबिम्ब गर्दछन्। तर दाऊदको अनुसार दुष्टहरूका मुखमा सत्य हुँदैन *(भजनसंग्रह ५:९)*।

प्रकाशको पुस्तकको मुख्य भागमा यूहन्नाले कसरी दृश्य प्रस्तुत गर्दछन् त्यो अचम्मलाग्दो छ: पापीहरूलाई मृत्युबाट तानेर परमेश्वरको उपस्थितिमा उभ्याउने अवसर दिइएको छ। त्यो अधिकार तिनीहरूले आर्जन गरेका थिएनन्। परमेश्वरका थुमा जो मानिसका धर्मी पुत्र हुनुहुन्थ्यो, उहाँ तिनीहरूसँग उभिनुभएकोले तिनीहरू परमेश्वरका सामु उभिन अवसर पाएका हुन्। तिनीहरूलाई क्षमा दिइसकेका छन्, तिनीहरूले मुक्ति पाएका छन्। तिनीहरूले आफ्नो दोष आफैले बोक्नुपरेन *(भजनसंग्रह ५:१०सँग तुलना गर्नुहोस्)*, किनभने परमेश्वरका थुमाले तिनीहरूका पाप बोक्नुभएको थियो *(हेर्नुहोस्, यशैया ५३:१२ र २ कोरिन्थी ५:२१)*।

जब परमेश्वरको नाउँ तपाईंको हृदयमा कोरिन्छ तब तपाईं चुपचाप बसिरहन सक्नुहुन्न। परमेश्वरका जनहरूले अन्तिम दयाको प्रस्ताव वा सन्देशलाई उच्च स्वरले सुनाउनेछन् *(प्रकाश १४:७)*। "तपाईंमा शरण लिनेहरूचाहिँ रमाऊन्, र तिनीहरू सधैँ हर्षले गाऊन्। तपाईंले नै तिनीहरूको रक्षा गर्नुहोस्, र तपाईंको नाउँलाई प्रेम गर्नेहरू तपाईंमा आनन्दित होऊन्" *(भजनसंग्रह ५:११)*।

**न्यायको दिनमा पवित्र र सिद्ध परमेश्वरको सामु उभिने कल्पना गर्नुहोस्। तपाईंले गर्नुभएको प्रत्येक काम उहाँको सामु खुला हुन्छ। तपाईंलाई येशू ख्रीष्टको खाँचो किन छ भनेर त्यसले कसरी बताउँछ?**

# अपराधी वा पापमा रमाउनेहरूलाई तपाईंका मार्ग सिकाउनुहोस्

यशैया ६:१-८मा यशैयाको सामु परमेश्वरका सिंहासन कक्षमा प्रभु देखा पर्नुभएको पछि उनका अधर्महरू मेटिए र उनका पापहरू क्षमा भए भनेर उनलाई घोषणा गरिएको थियो। त्यसपछि परमेश्वरले कसलाई सन्देश दिन पठाउँ भनेर सोध्नुहुँदा "म हाजिर छु। मलाई पठाउनुहोस्" भनेर यशैयाले भनेका थिए *(यशैया ६:८)*। जब परमेश्वरसँग आफ्नो ठिक सम्बन्ध भएको उनले महसुस गरे तब आफ्ना कमीकमजोरीहरू थाहा पाए तापनि प्रभुको निम्ति काम गर्न उनी तयार भएका थिए।

के त्यो अनुभव हाम्रो पनि होइन र? यदि हामीमा मुक्ति भएन भने अरूहरूलाई मुक्तिको बारेमा कसरी सुनाउने? हो, अहिले नै हामी मुक्ति पाउन सक्छौं, त्यो मुक्ति येशूमाथि विश्वास गर्दा पाइन्छ, र उहाँले हाम्रा निम्ति के गर्नुभयो सो आभारित भएर स्वीकार्‍यौं भने अहिले नै हामी मुक्तिको अनुभव गर्न सक्छौं।

पढ्नुहोस्: **परमेश्वरले दाऊदको पाप क्षमा गर्नुभयो भनेर उनलाई थाहा पाएपछि उनले के गर्ने प्रतिज्ञा गरे? हेर्नुहोस्, भजनसंग्रह ५१:७-१५।**

________________________________________________________

________________________________________________________

कसैलाई परमेश्वरको *सम्मुखमा* बोलाइनुको अर्थ उसलाई फेरि फिर्ता पठाउनु हो। परमेश्वरले आफ्नै निर्णयमा मुक्ति पाएकाहरू पतित संसारका निम्ति उहाँका मुख्य आवाज भएर उहाँको सेवा गर्न खटाउनुभएको थियो। कुनै बखत उहाँका जनहरूका प्रभाव यस पृथ्वीका मानिसहरूले प्रभावकारी रूपमा अनुभव गर्नेछन्। पतित ग्रहमा उहाँको अन्तिम आह्वानले सारा संसार नै चम्किनेछ भनेर प्रकाश १८:१ले बताउँछ।

"कोही येशूकहाँ आउने बित्तिक्कै उहाँ उसका बहुमूल्य मित्र हुन जान्छन्। त्यो खबर अरूलाई सुनाउन उसको हृदय आत्तुरी हुन जानेछ। मुक्ति र पवित्र पार्ने सत्यलाई हृदयमा बन्द गरी राख्न सक्दैन। यदि हामी येशूका धार्मिकताको वस्त्र पहिरेका छौं र पवित्र आत्माले भरिएर हाम्रा हृदय भरिएको छ भने हामी चुपचाप बस्न सक्दैनौं। यदि प्रभु हाम्रो निम्ति मिठो भएको स्वाद पाउँछौं भने अरूलाई केही न केही भन्न उत्सुक हुनेछौं। जसरी फिलिपले मुक्तिदातालाई भेट्टाउने बित्तिक्कै उत्सुक भएर अरूलाई सुनाएका थिए, त्यसरी नै अरूहरूलाई उहाँको सम्मुख आउन हामीले पनि आह्वान गर्नेछौं।"—एलेन जी. ह्वाइट, *स्टेप्स टु क्राइस्ट*, पृ. ७८।

प्रकाश १४ अध्यायमा उल्लेखित तीन स्वर्गदूतहरूका सन्देश अनन्त सुसमाचारमा आधारित भएको पाइन्छ *(प्रकाश १४:६)*। स्वर्ग र पृथ्वी, समुद्र र पानीका मुहानहरूलाई सृष्टि गर्नुहुनेको आराधना गर्न आह्वान *(प्रकाश १४:७)* गर्नुभन्दा अघि नै अनन्तको सुसमाचार थियो। त्यो समाचार बेबिलोनको पतन हुनुभन्दा अघि *(प्रकाश १४:८)* वा पशु र उसको प्रतिमालाई ढोग भन्ने आह्वान गर्नुभन्दा अघि *(प्रकाश १४:९)* नै सुसमाचारको जग, येशूमा पाइने मुक्तिको बारेमा घोषणा गरिएको थियो। येशूमा पाइने आशा, प्रतिज्ञा र मानिसहरूलाई येशूले के गर्नुभयो त्यसप्रति आशक्त भएन भने वा विश्वास गरेन भने तीन स्वर्गदूतहरूका चेतावनी र सन्देश घोषणा गर्नुको अर्थ केही हुँदैन। येशूमा भएको अनन्त सुसमाचार भएन र हामी आफैले अनुभव गर्न सकेनौं भने संसारका निम्ति उपयोगी कुरा हामीले भन्ने केही हुँदैन।

**तीन स्वर्गदूतहरूका सन्देश प्रसारण गर्नुभन्दा अघि हामीलाई अनन्त सुसमाचारतिर औँल्याएको धारणाप्रति ध्यान गर्नुहोस्। हामीले विश्वास गर्ने सबै शिक्षा दीक्षामा यो सुसमाचार आधारित हुनुपर्छ भन्ने सत्यलाई हामीले कसरी हेर्नें?**

**थप जानकारी:** “दाऊदका भजनहरूले मानव अनुभवका धेरै दायरा समेतिएको छ। दोषी विवेक र आफूलाई अपराधी घोषणा गर्नुको गहिराइदेखि विश्वासको उचाइ र परमेश्वरसँग संवादसम्म गरिने स्थितिमा पुगेको अनुभवहरू तिनीहरूमा उल्लेख गरिएका छन्। पाप लज्जास्पद छ, यो धिक्कारपूर्ण छ, यसले दुःख, कष्ट र सन्ताप ल्याउँछ भनेर दाऊदकै लेखाले घोषणा गर्दछ। तर परमेश्वरका सदाशय र दया यति महान् छन् कि गहिरोभन्दा पनि गहिरो पापमा लागिरहेको मानिसलाई उसको विश्वासले गर्दा उसलाई माथि उचाल्न सक्छ। पश्चात्तापी हृदयले त्यो व्यक्ति सजिनुपर्छ। अनि आफू र अरूहरूलाई पनि परमेश्वरका छोरा र छोरीहरू हुने हक दिएको छ भनेर अरूहरूलाई सुनाउन सक्ने हुन्छ। बाइबलमा उल्लेख गरेका निश्चयताका सबै वचनहरूमा देहायका वचनहरू उल्लेखनीय छन्। यसमा परमेश्वरका दयाको करारमा उहाँका विश्वनीयता र न्याय कसरी समावेश भएका छन् भन्ने अत्यन्तै बलियो गवाही वा प्रमाण प्रस्तुत गरिएको छ। ...

“‘मेरो दास दाऊदसित मैले यो शपथ खाएको छु: ... मेरो हातले त्यसलाई थाम्नेछ, मेरो पाखुराले त्यसलाई अवश्य बलियो बनाउनेछ। ... मेरो विश्वस्त प्रेम त्यससँग हुनेछ, र मेरो नाउँद्वारा त्यसको सीङ ठाडो हुनेछ। म त्यसको शासन समुद्रसम्म बढ़ाउनेछु, र त्यसको दाहिने बाहुलीको शक्ति नदीहरूमाथि पुर्‍याउनेछु। त्यसले मलाई यसो भनी पुकार्नेछ, “तपाईं मेरा पिता हुनुहुन्छ, मेरा परमेश्वर र मेरो उद्धारको चट्टान हुनुहुन्छ।” म त्यसलाई मेरो जेठो पनि तुल्याउनेछु, पृथ्वीका राजाहरूमा सबैभन्दा उच्च। म मेरो करुणा त्यसको निम्ति सदासर्वदा राख्नेछु, र त्यससँगको मेरो करार कहिल्यै विफल हुनेछैन।’ भजनसंग्रह ८९:३-२८।”—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. ७५४, ७५५।

## छलफलको लागि प्रश्नहरू:

१. परमेश्वरले हामीसँग बाँध्नुभएको करारलाई पालन गर्न हामी मानव प्राणी दयनीय अवस्थामा असफल भएका छौं। परमेश्वरका आफ्नै हृदयसँग मिल्ने दाऊदले धेरै गल्ती गरे तापनि उहाँले उनलाई हाम्रा मुक्तिको बारेमा प्रभावकारी सन्देश हामीलाई दिन प्रयोग गर्नुभएको थियो। दाऊदले येशूका बारेमा भविष्यवाणी गरेका थिए। येशूले मात्रै हाम्रा निम्ति परमेश्वरका करार सिद्ध रूपमा पालन गर्नुभएको थियो। उहाँले हाम्रा निम्ति जे गर्नुभयो, हाम्रो निम्ति त्यसमा मात्र किन आशा छ?

२. तपाईं आफैले अनुभव गर्नुभएको अनुभवहरूलाई भजनसंग्रहले पनि सम्बोधन गर्दा तपाईंको निम्ति कस्तो अर्थपूर्ण भएको छ?

३. भजनसंग्रहले मन्दिरको बारेमा बारम्बार किन सम्बोधन गर्छ? पवित्रस्थानप्रति दाऊदको प्रेमबाट हामीले के सिक्न सक्छौं? दाऊदले व्यक्त गरेका भावनाहरूबाट येशूमा हामीले के पाउँछौं भन्ने कुराको कारणले उहाँलाई हामीले के सराहना गर्न सक्छौं? येशू हाम्रो स्वर्गका प्रधान पूजारी हुनुहुन्छ जसले हाम्रा निम्ति बिन्ती गरिरहनुभएको छ *(रोमी ८:३४)*, यसबाट हामी कसरी उत्साहित हुन सक्छौं? हामी मुक्ति पाएकाहरूको लागि पनि स्वर्गमा पहल गर्न किन आवश्यक छ?

४. माथि उल्लेख गरेको एलेन जी. ह्वाइटका कथनअनुसार उहाँले तपाईंलाई लज्जा र दुःखबाट उचालेर परमेश्वरका छोरा र छोरी बनाउनुभएको थियो भन्ने अनुभव के छ?

## भाग ४: भूतपूर्व एड्भेन्टिस्ट केटा साथी

*लेखक:* आन्ड्र्यु मेकचेस्नी

आत्महत्या नगर्न बोलेको आवाजले गर्दा डायनाका विचारहरू उनेल फेरि परमेश्वरतिर फर्काइन्। त्यो आइतबार उनले आफ्ना ती छोराहरू लिएर न्यु मेक्सिकोको सान्ता फेमा रहेको सानो चर्चमा गइन्। तिनीहरू मेचमा बसे। सङ्गीत बजाउनेले भजन बजाउन थाले। अगाडि मंचबाट आएको सङ्गीत उनलाई मन परेन। त्यसले उनको जीवनको खराब भागलाई याद दिलाएको थियो। उनी आफ्ना छोराहरूसँगै चर्चबाट बाहिरिए।

डायनाको जीवन झन्-झन् खराब भइरहेको थियो। एक दिन चोरहरू आएर उनको घर फोरे र उनीसँग भएको थोरै भए पनि सबै चोरेर लगे। उनी हिंस्रक केटा साथीबाट पेट बोकिन्। उसले गर्भपतनको निम्ति पैसा तिर्छु भन्यो। एक रात जब छोराहरू ओछ्यानमा सुतिरहेका थिए, उनी अँध्यारो बैठक कोठामा एक्लै बसिन्। आफूले आफूप्रति घृणा जाग्न थाल्यो। उनको दिमामा लाज र शर्मले अड्डा जमाउन थाले। रिसमा उनी परमेश्वरतिर रुँदै व्यक्त गर्न थालिन्, “के तपाईंले नै मलाई बचाउन खोज्नुभएको हो?” रिसकै सुरमा उनी रुन थालिन् र वर्षौंसम्मको सङ्घर्ष उनले याद गरिन्। आन्तरिक पीडाले ग्रस्त भएर उनी बिन्ती गरिन्, “येशू मलाई तपाईंको आवश्यक छ।” तुरुन्तै उनमा आन्तरिक उर्जाले भरिएको उनी महसुस गरिन्। कोठा अत्यन्तै अन्धकार थियो। तर त्यो कोठा उज्यालोले भरिएको जस्तो थियो। स्वर्गका परमेश्वरले उनलाई अङ्कमाल गर्नुभएको अनुभव उनले गरिन्। उनको पूरै शरिर आनन्द, शान्ति र प्रेम भरिपूर भएको उनले महसुस गरिन्। एक छिन पछि उनी मस्त निन्द्रामा परिन्। बिहान उनमा भएको पीडा हराएको जस्तो भएको थियो। उनी केही हदमा फरक भएको महसुस गरिन्।

केही महिनापछि डायनाले अनौठो व्यक्तिलाई भेटिन्। लोरेन फिस चौथो पुस्ताको सेभेन्थ-डे एड्भेन्टिस्ट थियो। उसको बुबा पास्टर थियो र चर्च स्थापन गर्न सक्रिय

थिए। लोरेनको कलेजको पहिलो वर्षमा ऊ परमेश्वरबाट टाढा हुन थालेको थियो। रक्सी खान थाल्यो र कलेजमा पढन् छोड्यो। न्यु मेक्सिकोको सान्ता फेको नाच्ने क्लबमा उसले डायनालाई भेट्यो। आफूलाई घरमा लान डायनासँग उसले अनुरोध गऱ्यो। त्यो केटो डायनालाई मन परेको थिएन। उसलाई देखेपछि उनी झर्को मानेकी थिइन्। लोरेनले उनलाई छोड्न चाहेनन्। उनी कहाँ काम गरेको उसले थाहा पायो र बराम्बर भेट्न जान थाल्यो। अर्को केटासँग लाग्न डायनाको चासो थिएन। उनको खराब केटो साथीलाई छोडेकी थिइनन्। लोरेन आफूभन्दा साढे चार वर्ष कान्छो थियो। लोरेन कच्चा र अनुभवहिन केटाकेटीजस्तै थियो। आफू कस्तो बिजोगमा छ भनेर डायनाले उसलाई बताउन चाहेकी थिइनन्। आफू फेरि त्यही बिजोगमा रहन चाहेकी थिइनन्। त्यसकारण उनी लोरेनबाट टाढा भइन्। लोरेन सान्ता फे छोडेर शिकागो नजिक बसोबास गर्न थाल्यो।

एक रात डायनाको केटा साथी हिंसात्मक भयो, उनको कारका टायरहरू काट्न थाल्यो र उनमाथि आक्रमण गर्न थाल्यो। तिनीहरू काम गरेका अखबारको नजिकैको गाडी राख्ने ठाउँमा थियो। त्यस घटनापछि डायनालाई लोरेनले फोन गऱ्यो। उसको स्वर सुनेर उनी खुशी भइन्। "जहिले मन लाग्यो मलाई भेट्न आए पनि हुन्छ," भनेर डायनाले सुनाइन्। लोरेन शुक्रबार आयो र ऊ डायनाबाट कहिले पनि छुट्टिएन।